आज मिति २०७९ साल आश्विन ३० गते आइतवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| का.वा.वडाध्यक्ष ४ | श्री राधा वि.क. | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**<u>प्रस्तावहरु</u>**

प्रस्ताव नं.१: २०७९/६/७ को बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: वडागत विपदजन्य विषयहरुका सम्बन्धमा ।
प्रस्ताव नं.३: सुरक्षित आवास कार्यक्रमको विवरण सङकलन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: भू-उपयोग नियमावली, २०७९ अनुसार जग्गा वर्गिकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश कार्यान्वयन सम्बन्धमा ।

**<u>निर्णयहरु:</u>**

**<u>निर्णय नं.१:</u>** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/६/७ को बैठकको निर्णय गरियो र अत्यावश्यक विषय बाहेक अन्य विषयमा बजेट विनियोजन गर्दा वार्षिक योजनाहरुलाई प्राथमिकता दिई योजना कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.२:</u>** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा हालसालै भएको अविरल बर्षाका कारणले यस नगरपालिकाभित्र भएका वडागत क्षतिको विवरण सम्बन्धित वडा अध्यक्षहरुबाट प्रस्तुत भई तत्काल सम्बोधन गर्नु पर्ने विषयहरु पहिचान गरी नगर स्तरीय विपद समितिबाट निर्णय गराई राहत एवं पुनर्निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.१ अन्तर्गतका वडाहरुमा यस आ.व. मा सङघीय बजेट अन्तर्गत २०० घरधुरी थप भएकाले तत्काल विवरण संकलन गरी मूल्याङ्कन प्रकृया अघि बढाउन सम्बन्धित वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.४:</u>** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा २०७९/८/२३ सम्म यस नगरपालिका भित्रका जग्गाहरुको भू-उपयोग नियमावली, २०७९, भू-उपयोग ऐन, २०७६ अनुसार जग्गा वर्गीकरण प्रकृयालाई स्थानीयहरुको सहभागितामा अन्तिम गर्न, गराउन घर नक्सा शाखा एवं वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.५:</u>** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७९ कार्यान्वयन गर्ने सम्बन्धमा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत पत्राचार भएकोमा हाल प्रतिनिधिसभा प्रदेश सभाको निर्वाचनको सन्दर्भ भएकोले सङघीय मन्त्रालय मार्फत निर्वाचन आयोगमा अनुमती माग भएकोमा सो अनुमती प्राप्त भएपछि वा निर्वाचनको आचार संहिता समाप्त भएपछि अध्यादेश अनुसार कर्मचारीहरुको स्तरबृद्धि प्रकृया अघि बढाउने निर्णय गरियो ।